लिखु तामाकोशी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ६ संख्याः११ मितिः २०७९\०९\२१

भाग–२

लिखु तामाकोशी गाउँपालिका

लिखु तामाकोशी गाउँपालिकाको विद्यालय भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

प्रस्तावना :

लिखु तामाकोशी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षाकोठा मर्मत, विद्यालय घेराबार, विद्यालय रङरोगन र विद्यालयलाई आवश्यक पर्ने भौतिक सामग्रीको व्यवस्थापन जस्ता भौतिक पूर्वाधार सुधार कार्यक्रमका माध्यमबाट विद्यालयको भौतिक पक्ष सुधार गरी शिक्षण सिकाईलाई प्रत्यक्ष रूपमा प्रभावकारी बनाउने उद्देश्यका साथ यस लिखु तामाकोशी गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि बनाई लागू गर्न बान्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार र गाउँ शिक्षा ऐन २०७७ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँ कार्यपालिकाले **विद्यालय भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९** जारी गरेको छ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"विद्यालय भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९"** रहेको छ।

क. यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

ग. यो कार्यविधि गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा विद्यालयहरूमा कक्षाकोठा मर्मत, विद्यालय घेराबार, विद्यालय रङरोगन र विद्यालयलाई आवश्यक पर्ने भौतिक सामग्रीको व्यवस्थापन जस्ता भौतिक पूर्वाधार सुधार कार्यक्रमलाई मात्र केन्द्रित गरी तयार गरिएको छ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

क. **"कार्यपालिका"** भन्नाले लिखु तामाकोशी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ख. **"गाउँपालिका**" भन्नाले लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्छ।

ग. **" विद्यालय"** भन्नाले सामुदायिक विद्यालयलाई सम्झनु पर्छ

घ. **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा गाउँपालिकाको शिक्षा अधिकृत कर्मचारीलाई सम्झनु पर्छु

ङ. **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा/उपशाखा वा ईकाईलाई सम्झनु पर्छ ।

च. **"भौतिक पूर्वाधार"** भन्नाले विद्यालयहरूको कक्षाकोठा मर्मत, विद्यालय घेराबार, विद्यालय रङरोगन र विद्यालयलाई आवश्यक पर्ने भौतिक सामग्रीको व्यवस्थापन जस्ता भौतिक पूर्वाधार सुधार गर्ने कार्यक्रमहरूलाई सम्झनु पर्छ।

छ. **"निर्माण समिति"** भन्नाले विद्यालयको भौतिक पूर्वाधार कार्यक्रम संचालन गर्न विद्यालय व्यवस्थापन समितिलर गठन गर्ने समितिलाई सम्झनु पर्छ।

ज. **"शिक्षा समिति** " भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

झ. **"सामुदायिक विद्यालय** " भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति प्राप्त गरी संचालित विद्यालयलाई सम्झनु पर्छ।

ञ. **"अनुगमन तथा मूल्याङ्कन समिति** " भन्नाले गाउँपालिका यस कार्यविधि बमोजिमको कार्यक्रमको अनुगमन मल्याङ्कन गर्ने समितिलाई सम्झनु पर्छ।

ट. **"प्रस्तावना** " भन्नाले भौतिक पूर्वाधार कार्यक्रम संचालनका लागि विद्यालयले पेश गरेको प्रस्तावना सम्झनु पर्छ।

ठ. **" सम्झौता** " भन्नाले भौतिक पूर्वाधार कार्यक्रम संचालनका लागि विद्याल र गाउँपालिका बिच भएको कार्य सम्झौता सम्झनु पर्छ।

ड. **"कार्यदेश"** भन्नाले भौतिक पूर्वाधार कार्यक्रम संचालनका लागि कार्य सम्झौता पश्चात गाउँपालिकाले विद्यालयलाई दिने कार्यादेशलाई सम्झनु पर्छ ।

ढ. अन्य परिभाषा लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २०७७ र शैक्षिक व्यवस्थापन कार्यविधि २०७९ बमोजिम हुनेछ ।

परिच्छेद -२

भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन समिति

३. विद्यालयको भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न गाउँपालिकामा देहाय बमोजिमको भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन समिति रहनेछः

(क)गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) गाउँ कार्यपालिकाका सदस्य मध्ये समितिले मनोनयन गरेको एक जना महिला सहित २ जना – सदस्य

(ङ) गाउँपालिका भौतिक पूर्वाधार शाखा प्रमुख – सदस्य

(च) सम्बन्धित विद्यालय रहेको वडाको वडा अध्यक्ष – सदस्य

(छ) शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृत –सदस्य–सचिव

४. **भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारहरूः**

क. कार्यक्रमका लागि विद्यालयसंग प्रस्ताव माग गर्ने सूचना प्रकाशन गर्ने ।

ख. प्रस्तावना पत्र र आवश्यक कागजात रूजु गर्ने ।

ग. कार्यक्रमका छनौट लागि आधारहरू तय गरी विद्यालय छनौट गर्ने ।

घ. छनौट भएका विद्यालयहरूलाई प्राविधिक लागत इष्टमेटका आधारमा अनुसूची बमोजिमको कार्य सम्झौता र कार्यादेशका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्ने ।

ङ. सो सिफारिस बमोजिम प्रमुख प्रशसकीय अधिकृतले कार्य सम्झौता र कार्यादेश प्रदान गर्ने ।

च. कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

छ. प्रतिवेदन एवम् प्राविधिक जाचँका आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने ।

परिच्छेद -३

विद्यालय छनौटका प्रक्रियाहरू

७. भौतिक पूर्वाधार कार्यक्रम संचालनका लागि विद्यालय छनौट गर्दा तपशिलका प्रक्रियाहरू अपनाउनु पर्ने छ ।

क. विद्यालयको भौतिक पूर्वाधार कार्यक्रम संचालनका लागि गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा अनुसूची १ बमोजिमको आधारहरू सहित प्रस्ताव माग सूचना प्रकाशन गर्ने ।

ख. पेश भएका प्रस्तावहरू र कागजातहरू रूजु गरी दर्ता गर्ने ।

ग. उपदफा (ख) बमोजिमका कागजातको आधारमा अनुसूची २ अनुसारको ढाँचामा विद्यालयहरूलाई अङ्क प्रदान गर्ने ।

घ. विद्यालयहरूले प्राप्त गरेको अङ्कका आधारमा क्रम निर्धारण गर्ने ।

ङ. तयार पारिएको क्रम समितिमा पेश गर्ने र समितिले कार्यक्रमका लागि विद्यालयको छनौट गर्ने।

परिच्छेद -४

कार्यक्रम कार्यान्वयन प्रक्रिया

८. भौतिक पूर्वाधार कार्यक्रम संचालनका लागि विद्यालयले तपशिलका कार्यान्वयन प्रक्रियाहरू अपनाउनु पर्ने छ ।

क. विद्यालयले प्रस्ताव माग बमोजिमको सूचनामा उल्लेख भएका कार्यक्रमहरू आफ्नो विद्यालयलाई त्तिको आवश्यक छ विद्यालय व्यवस्थापन समितिले निर्णय गरी तिकोएको ढचामा प्रस्तावना पेश गर्ने ।

ख. कार्यक्रमका लागि विद्यालय छनौट भएको आधिकारिक पालिकाको सूचना प्रकाशन भएपछि विद्यालय व्यवस्थापन समितिले उक्त कार्यक्रम संचालन गर्न तपशिलको विद्यालय निर्माण समिति गठन गर्ने ।

तपशिलः

अ. वि.व्य.स. सदस्यमध्ये एकजना –संयोजक

आ. शिक्षक अभिभावक संघका पदाधिकारीमध्ये एकजना - सदस्य

इ. सामाजिक लेखा परीक्षण समितिका सदस्यमध्ये एकजना - सदस्य

ई. वडा कार्यसमितिका पदाधिकारीबाट मनोनित एकजना स्थानीय - सदस्य

उ. विद्यालयको प्रधानाध्यपक - सदस्य सचीव

ग. निर्माण समितिले सम्बन्धित वडाको प्राविधिकसंग समन्वय गरी लागत स्टमेट तयार गर्ने ।

घ. निर्माण समितिले कार्य सम्झौता र कार्यादेशका लागि आवश्यक कागजात गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

ङ. कार्य सम्झौता र कार्यादेश पश्चात कार्य प्रारम्भ गर्ने ।

च. सम्बन्धित वडा प्राविधिकले नियमित कार्य प्रगतिको अवलोकन गरी पृष्टपोषण प्रदान गर्ने ।

छ. कार्य सम्पन्न पछि प्राविधिक जाचँ गरी प्राविधिक विल तयार गर्ने र उक्त कार्यक्रमको सार्वजनिक सूनाइ मार्फत सबैलाई जानकारी गराउने ।

ज. खरिद गर्नु पर्ने सामग्रीको हकमा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम गर्ने ।

ज. कार्य सम्पन्न प्रतिवेदन र आवश्यक कागजात सहित भुक्तानीका लागि शिक्षा युवा तथा खेलकुद शाखामा कागजात पेश गर्ने ।

परिच्छेद -५

विविध

६. **अनुगमनः** भौतिक पूर्वाधार कार्यक्रम संचालन तथा व्यवस्थापन समितिले कार्य प्रगति सम्बन्धमा भएको नभएको प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अनुगमन गर्न सक्ने छ ।

७. **संसोधनः** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

८. **प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ ।

अनुसूची -१

परिच्छेद २ दफा ४ को उपदफा (ग) संग सम्बन्धित

भौतिक पूर्वाधार कार्यक्रमका छनौटका आधाहरू				
क्र.स.	**आधारहरू**	**आधारभूत विद्यालयको हकमा**	**माध्यामिक विद्यालयको हकमा**	**कैफियत**
१.	विद्यार्थी संख्या			विद्यालयले भर्ने
२	सिकाइ उपलब्धी			
३	शिक्षक/ कर्मचारी संख्या			
४	कार्यसम्पादन			
५	कार्यक्रमको दोहोरोपना			
६				

अनुसूची – २

परिच्छेद ३ दफा ५ को उपदफा (ग) संग सम्बन्धित

भौतिक पूर्वाधार कार्यक्रमका छनौटमा अङ्कन प्रक्रियाको फाराम				
क्र.स.	**मूल्याङ्कनका आधारहरू**	**पुर्णाङ्क**	**प्राप्ताङ्क**	**कैफियत**
१	**विद्यार्थी संख्या**	**३०**		
	क. अनुसूची १ बमोजिम संख्या पुग्ने	३०		
	ख. अनुसूची १ बमोजिम संख्या नपुग्ने	२०		
२	**सिकाइ उपलब्धी**	**२०**		
	क. गत शैक्षिक शत्रको भन्दा बढी	२०		
	ख. गत शैक्षिक शत्रको भन्दा कम	१०		
३	**शिक्षक/ कर्मचारी संख्या**	**१०**		
४	**कार्यसम्पादन**	**२०**		
	क. उत्तम	२०		
	ख. मध्यम	१५		
	ग. सामान्य	१०		
५	**कार्यक्रमको दोहोरोपना**	**२०**		

अनुसूची - ३

परिच्छेद २ दफा ४ को उपदफा (ङ) संग सम्बन्धित

गाउँपालिका र विद्यालय बीचको सम्झौता,

लिखु तामाकोशी गाउँपालिका (प्रथम पक्ष) तथा भौतिक पूर्वाधार संचालन तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत **विद्यालय घेरावार/ कक्षाकोठा मर्मत/विद्यालय भौतिक सामग्री/विद्यालय रङरोगन** कार्यक्रमलाई कार्यान्वयन गर्न श्री ....विद्यालय (दोश्रो पक्ष) बीच तपसिलमा लिपिबद्ध शर्त एवम् बन्देजहरू लागू गर्ने गराउने गरी प्रथम पक्षबाट कार्यक्रममा छनौट भएको कार्यक्रम कार्यान्वयन गर्न प्रयोजनका लागि लिखु तामाकोशी गाउँपालिकामा कार्यालयमा बसी यो सम्झौता पत्र २ प्रति तयार गरेर तपसिल बमोजिमका साक्षी रोहबरमा दुबै पक्षले दस्तखत गरी एक/एक प्रति बुझिलियौं ।

मिति २०७९ साल असार ७ गते रोज ३ शुभम् ।

तपसिलः

प्रथम पक्षबाट पालना गर्नुपर्ने शर्त/बन्देजहरू

१. कार्यक्रमको लागि छनौट भएको विद्यालयलाई कार्यक्रम सम्पन्न पश्चात नियमानुसार विद्यालयको खातामा निकासा गरी उपलब्ध गर्नुपर्ने ।

२. प्रथम पक्षले दोश्रो पक्षको कार्य प्रगतिको नियमित अनुगमन गरी सुधारका पक्षहरू सहित दोश्रो पक्षलाई पृष्ठपोषण दिने।

दोस्रो पक्षबाट पालन गर्नुपर्ने शर्त बन्देजहरू

१. दोस्रो पक्षका विद्यालय निर्माण समितिका संयोजकले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्य योजना निर्माण गर्ने ।

२. दोस्रो पक्षले खर्चको कार्ययोजना बनाउँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवम् सरकारी खर्च गर्ने मापदण्ड भित्र रही कार्ययोजना तयार गरी खरिद कार्य अगाडि बढाउने ।

३. दोस्रो पक्षले कार्ययोजना अनुसारको खर्चको बिल तथा भर्पाईहरू सहित कार्य सम्पन्न प्रतिवेदन मिति .... सालको ....महिना भित्र पहिलो पक्षलाई उपलब्ध गराउने ।

४.

दोस्रो पक्ष	**पहिलो पक्ष**
नामः	नामः
पदः	पदः
दस्तखतः	दस्तखतः
मितिः	मितिः
विद्यालयको छापः	कार्यालयको छापः

अनुसूची - ३

परिच्छेद २ दफा ४ को उपदफा (ङ) संग सम्बन्धित

श्री .... विद्यालय,
लिखु तामाकोशी गाउँपालिका....................... रामेछाप ।

विषय: कार्यादेश दिइएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा लिखु तामाकोशी गाउँपालिकाको चालू आ.व. २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत लिखु तामाकोशी गाउँपालिका वडा नं........... स्थित श्री .... विद्यालयमा (वित्तीय समानीकरण) **विद्यालय घेरावार/ कक्षाकोठा मर्मत/विद्यालय भौतिक सामग्री/विद्यालय रङरोगन** कार्यक्रमबाट विनियोजित रु. ..../-(अक्षरुपी रू.................................मात्र)को .... व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने क्रममा नियमानुसार सम्झौता समेत भई सकेको हुँदा मिति .... मसान्तभित्र उक्त कार्यक्रमको कार्यसञ्चालनका लागि कार्यालयसँग भएका सम्झौताका सर्तहरु, प्रस्तावना पत्र, कार्य योजना, प्राविधिक लागत स्टिमेट र प्रचलित ऐन कानुन कार्यविधि बमोजिकको अधिनमा रही कार्य सम्पन्न गरी आवश्यक कागजात लगायत सम्पूर्ण प्रतिवेदनहरु पेश गरी कार्यक्रमको फरफारक गर्नुहुन यो कार्यादेश दिईएको व्यहोरा जानकारी गराइन्छ ।

....
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री आर्थिक प्रशासन शाखा, लिखु तामाकोशी गाउँपालिका, रामेछाप ।
श्री शिक्षा, युवा तथा खेलकुद शाखा, लिखु तामाकोशी गाउँपालिका, रामेछाप ।

अनुसूची – ३

परिच्छेद ४ दफा ६ को उपदफा (ज) संग सम्बन्धित

लिखु तामाकोशी गाउँपालिकागाउँ कार्यपालिकाको कार्यालय ,
धोबी बजार रामेछाप ,
कार्यालय कोड नं.

म५१०.नं.फा.प.ले.

साविकको फा१७६.नं.

कार्य स्वीकारसम्पन्न प्रतिवेदन/

आयोजनाको नामः

कामको नामः

प्रतिवेदनको मितिः

लागत अनुमानको कुल रकमः

काम सुरु भएको मितिः

खर्च भएको कुल रकमः

काम सम्पन्न गर्नु पर्ने मितिः

सुरु लागत अनुमान भन्दा घटी बढीको अनुमानः

सम्पन्न भएको मितिः

भेरिएसनपछिको कुल लागत अनुमान भन्दा घटी बढीको प्रतिशतः

कामको विवरण	सुरु अनुमान बमोजिमको			भरिफिएसन भएकोमा सो बमोजिमको कुल लागत अनुमान			खुद भएको कामको			फरक सुरु लागत अनुमानको) (आधआरमा			फरकभेरिएसनपछिको लागत) (अनुमानको आधारमा			
	परिमाण	दर	जम्मा	परिमाण	दर	जम्मा	परिमाण	दर	जम्मा	परिमाण	दर	जम्मा	परिमाण	दर	जम्मा	
१	२	३	४	५	६	७	८	९	१०	११ =२-८	१२ =३-९	१३=१ ११२*	१४ =५-८	१५= ६९-	१६=१४ १५*	
जम्मा																

क) स्वीकृत लागत अनुमान भन्दा घटी बढी खर्च रू (ईष्टिमेट) ………..............................(%)प्रतिशत..............
घटी/बढीको पुस्ट्याई...................................स..
स्वीकृत लागत अनुमानअनुसार काम भएको छ भनी सिफारिस गर्ने डिजाइन र स्पेसिफिकेसन ,

तयार गर्नेः
सहीः
नामः
दर्जाः
मितिः

जाँच गर्नेः
सहीः
नामः
दर्जाः
मितिः

उपर्युक्त बमोजिम भएको कार्य सुरु सम्झौताको स्वीकृत डिजाइन र स्पेसिफिकेसनबमोजिम भएको छ/छैन। भेरिएशन आदेश र सर्तहरु बमोजिम भए/नभएको हुँदा उक्त कार्य सम्पन्न भएको स्वीकार/अस्वीकार गरिएको छ।

स्वीकृत गर्नेः
सहीः
कार्यालय प्रमुखको नामः
दर्जाः
मितिः

अनुसूची – ३

परिच्छेद २ दफा ४ को उपदफा (च) संग सम्बन्धित

विषयः अनुगमन मूल्याङ्कन सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा यस श्री ....विद्यालयमा आ.व. .... मा(वित्तीय समानीकरण) **विद्यालय घेरावार/ कक्षाकोठा मर्मत/विद्यालय भौतिक सामग्री/विद्यालय रङरोगन** कार्यक्रम अनुसार रु........................(अक्षरुपी ....) को मिति...................... गतेको कार्यादेश बमोजिम तपशिलका पदाधिकारीहरूले विद्यालयमा नै उपस्थित भई अनुगमन गर्दा नियमानुसार उक्त कार्य चुस्त दुरुस्त एवम् प्रभावकारी ढङ्गले विद्यालयले सम्पन्न गरेको देखिएकाले यो अनुगमन मुल्याङ्कन सिफारिस गरिएको छ।

अनुगमन गर्ने पदाधिकारीहरू	पद	हस्ताक्षर
श्री		
श्री		
श्री		
श्री		

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७९/०९/२१ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(बिनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७९/०९/२१